धुर्कोट गाउँपालिका
गुल्मी जिल्ला, प्रदेश नं. ५, नेपाल

# धुर्कोट राजपत्र

वर्ष : २ अंक : १७

**भाग : २**

**गाउँ कार्यपालिकाबाट मिति २०७५/०८/२४ मा स्वीकृत भएको सुपथ मूल्य पसल सञ्चालनार्थ सहकारीका लागि अनुदान वितरण कार्यविधि २०७५ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।**

# सुपथ मूल्य पसल सञ्चालनार्थ सहकारीका लागि अनुदान वितरण कार्यविधि २०७५

**आज्ञाले**
**मधुप्रसाद घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

| कार्यविधि संख्या :- | १७ |
|---|---|

# सुपथ मूल्य पसल सञ्चालनार्थ सहकारीका लागि अनुदान वितरण कार्यविधि २०७५

| सभाबाट स्वीकृत मिति :- | २०७५/०८/२४ |
|---|---|

# धुर्कोट गाउँपालिका

**बर्बोट, गुल्मी**
**५ नं. प्रदेश**
**नेपाल**

# सुपथ मूल्य पसल सञ्चालनार्थ सहकारीका लागि अनुदान वितरण कार्यविधि २०७५

## प्रस्तावना :

यस धुर्कोट गाउँपालिका कृषि उत्पादनका हिसाबले सम्भावना क्षेत्र हो । यहाँ उत्पादन हुने कृषि जन्य उत्पादनहरुको उचित बजारीकरण हुन नसकेको अवस्था छ । किसानको उत्पादनलाई बजारीकरण गर्दै कृषिमा व्यावसायिकता अभिवृद्धि गर्न आवश्यक रहेको छ । साथै धुर्कोट गाउँ कार्यपालिकाको निर्णयले सुपथ मूल्य पसल सञ्चालनार्थ सहकारीका लागि अनुदान वितरण कार्यविधि २०७५ पारित गर्ने निर्णय गरेकोले सो कार्यका लागि मिति २०७५/०८/२४ को गाउँ कार्यपालिकाको बैठकको निर्णय बाट यस कार्यविधि पारित गरि लागु गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

यस कार्यविधिको नाम सुपथ मूल्य पसल सञ्चालनार्थ सहकारीका लागि अनुदान वितरण कार्यविधि २०७५ रहने छ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. तथ्याङ्क संकलन गरिने

यस सुपथ मूल्य पसल सञ्चालनका लागि किसानहरुले उत्पादन गरेको कृषि उपजहरु जस्तै तरकारी, फलफुल, नगदे वाली तथा अन्य कृषि उपजको उत्पादन लगत संकलन गर्ने कार्यमा गाउँपालिकाका विभिन्न वडाहरु तथा गाउँपालिकाको कृषि शाखा समेतको सहयोगबाट तथ्याङ संकलन गरिनेछ ।

## ३. तथ्याङ्क प्रशोधन तथा नापजाँच

संकलित तथ्याङ्कको गाउँपालिकाका कृषि प्रमुख र प्रविधिकहरुबाट प्रशोधन गरिनेछ ।

## ४. सुपथ मूल्य पसल सञ्चालनका उद्देश्यहरु

(क) किसानहरुको उत्पादन खरिद गरी सुपथ मूल्यमा बिक्री वितरण गर्ने ।

(ख) कृषि उत्पादनको बजारीकरण तथा व्यवसायिकता वृद्धि गर्ने ।

(ग) कृषि उपजको बजारीकरणसँगै कृषकहरुको अर्थोपार्जनमा सहयोग पुर्याउने ।

(घ) कृषि सहकारीहरुको क्षमता अभिवृद्धि गरी उत्पादकत्व तथा व्यावसायिकता वृद्धि गर्ने ।

(ङ) किसानका लागि सुपथ मूल्यमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने ।

## ५.सुपथ मूल्य सञ्चालनका लागि आवश्य शर्तहरु

(क) पसल सञ्चालन गर्दा यस गाउँपालिकामा व्यवासाय दर्ता गरी सञ्चालन गर्नुपर्ने ।

(ख) किसानहरुबाट प्रत्यक्ष रुपमा कृषि उपज खरिद तथा सञ्चालन गर्नुपर्ने ।

(ग) संकलित कृषि उपजहरु सुपथ मूल्यमा उपभोक्तालाई बिक्री वितरण गर्नुपर्नेछ ।

## ६. सुपथ मूल्य पसल सञ्चालनार्थ सहकारीका लागि अनुदान प्रधान गर्ने आधार तथा शर्तहरु

(क) सहकारी दर्ता भई कम्तिमा दुई वर्ष पुगेको हुनुपर्नेछ ।

(ख) सहकारीको संघ र पूँजी न्यूनतम ५० लाखभन्दा बढी हुनुपर्नेछ ।

(ग) सहकारीको कार्यक्षेत्र धुर्कोट गाउँपालिकामा भएको उल्लेख हुनुपर्नेछ ।

(घ) सुपथ मूल्य पसल कम्तिमा ५ वर्ष सञ्चालन गर्ने प्रतिवद्धता सहितको कार्ययोजना पेश गर्नुपर्नेछ ।

(ङ) पसल सञ्चालन गर्दा व्यवसायिक किसानलाई ५ % छुट उपलब्ध गराउनुपर्नेछ ।

(च) सहकारीले पसल सञ्चालनका लागि भवन/जग्गा उपलब्ध हुनुपर्नेछ । यदि आफ्नो जग्गा/भवन लिजमा लिएका जग्गा/भवन लिएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

## ७. अनुदान प्राप्त हुने क्षेत्रहरु

(क) पसल सञ्चालनका लागि आवश्यक फर्निचर खरिदमा ५०%

(ख) कृषि उपज भण्डारण गर्ने उपकरण खरिदमा ८०%

(ग) कृषि उपज संकलनका लागि चाहिने सवारी साधन खरिदमा ७५%

(घ) सुपथ मूल्य पसल सञ्चालनका लागि भवन निर्माण ८०%

## ८. कारवाही गरिने

राज्यबाट अनुचित लाभ लिने उद्देश्यले मिलेमतोका आधारमा वास्तविक किसानलाई मर्का पर्ने गरी कृषि उपज खरिद तथा बिक्री वितरण गरेको पाइएमा साथै गाउँपालिकाले उपलब्ध गराएको अनुदान रकमको दुरुपयोग तथा अन्य क्षेत्रमा प्रयोग गरेको पाइएमा प्रचलित कानूनबमोजिम कार्वाही गरिनेछ । साथै अनुदानको गलत प्रयोग भएको प्रमाणित भएमा त्यस्तो सहकारीलाई दिइएको अनुदान बापतको रकम अशुल उपर गरी सहकारीको दर्ता समेत रद्द गरिनेछ ।

## ९. प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिमा उल्लेख नभएका तथा यस सुपथ मूल्य सञ्चालनार्थ सहकारीका लागि अनुदान वितरणका क्रममा गर्नुपर्ने अन्य कार्यहरु प्रचलित कानुन बमोजिम गरिनेछ ।

०००